# नेपाल राष्ट्र बैंक
# बैकिङ्ग कार्यालय
# थापाथली

## विल्स फांट (खरिद इकाई)

## ६०० केभीए जेनेरेटर खरीद तथा जडान कार्यको सिलवन्दी बोलपत्र सम्वन्धी सूचना

सूचना नं.: बै.का.(खरीद) २/०६६।६७

(प्रथम पटक प्रकाशित मिति २०६६।०९।२९ गते)

यस कार्यालयलाई आवश्यक ६०० केभीए जेनेरेटर खरीद तथा जडान कार्यको सिलवन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक आयकर तथा मूल्य अभिबृद्धि करमा रजिस्टर्ड/नवीकृत फर्म/कम्पनीहरुलाई सूचना प्रकाशित भएको मितिले ३१ (एकतिस) औं दिनको अपरान्ह १२:०० बजे सम्ममा वा सो दिनमा विदा परेमा भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समय सम्ममा नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथलीको दर्ता चलानी वा आन्तरिक प्रशासन (विल्स)फांटमा सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र फाराम बैंकिङ्ग कार्यालय, थापाथली वा नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय,बालुवाटारबाट फिर्ता नहुने गरी रु. १००००।००(रु.दशहजार मात्र ।) तिरी प्राप्त गर्न सकिने छ । बोलपत्र फारामको साथमा बोलपत्रदाताले कबोल गरेको रकमको पांच प्रतिशत रकम यस बैंकिंग कार्यालयको स.के.हि.१३७ धरौटीमा जम्मा गरेको भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० (एक सय बीस) दिन अवधि भएको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । जेनेरेटर खरीद तथा जडान कार्यको लागत अनुमान रु.७३,४५,०००।००(अक्षरुपी त्रिहत्तरलाख पैतालिस हजार मात्र) रहेकोछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । वोलपत्र सम्वन्धी सूचना यस बैंकको वेभसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक<br>
बैकिङ्ग कार्यालय<br>
थापाथली<br>
विल्स फांट (खरिद इकाई)